# टोखा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः ०६** **संख्याः ०८** **मितिः फाल्गुन ३०, २०७९**


## भाग २

## टोखा छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि, २०७९

प्रस्तावनाः टोखा नगरपालिकाका विद्यार्थीहरूले विद्यालय शिक्षा र प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज (१६) मा रहेको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले नगर शिक्षा ऐन, २०७५ (संशोधनसहित) को दफा १० को उपदफा १ को ज बमोजिम टोखा नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

टोखा नगरकार्यपालिकाको मिति २०७९ आषाढ ८ गतेको बैठकबाट स्वीकृत ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “टोखा छात्रवृत्ति कोष (संचालन) कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

## परिच्छेद २

## परिभाषा

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले टोखा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले टोखा नगरपालिकाको प्रमुखलाई जनाउँछ ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको छात्रवृत्ति कोष सम्झनुपर्छ ।

(घ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको रुपमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्म अनुमति प्राप्त विद्यालयलाई सम्झनुपर्छ । सो शब्दले नेपालका विश्वविद्यालय र प्राविधिक शिक्षालयबाट प्रदान गरिने उच्च शिक्षा र प्राविधिक शिक्षालाई समेतजनाउँछ ।

(ङ) "उच्च शिक्षा" भन्नाले विश्वविद्यालयबाट प्रदान गरिने शिक्षा सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले नियम ८ बमोजिमको छात्रवृत्ति संचालन समिति सम्झनुपर्छ ।

(छ) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधिले तोकेका आधारमा छनौट भएका विद्यार्थीहरूलाई विद्यालय वा शैक्षिक संस्थाद्वारा निःशुल्क अध्ययन गर्नका लागि प्रदान गरिने सुविधालाई जनाउँछ ।

(ज) "शैक्षिक आय" भन्नाले नगरपालिकाले विद्यालय वा विद्यार्थीका लागि लिनेगरी तोकेको दस्तुर, शुल्क, वा जरिवानालाई जनाउँछ ।

(झ) "स्थानीयता" भन्नाले टोखा नगरपालिकाभित्र स्थायी बसोबास भएको वा मतदाता परिचयपत्र भएको अभिभावकको परिवारको सदस्य भएको अवस्थालाई जनाउँछ । सो शब्दले नेपालका अन्य स्थानीय तहबाट बसाइसराइ भई आएको अवस्थालाई समेत जनाउँछ ।

(ञ) "विपन्नता" भन्नाले गरिबी प्रमाणपत्र लिएको वा नेपाल सरकारले कर छुटका लागि तोकेको मापदण्डभन्दा कम आय रहेको परिवारको सदस्यलाई सम्झनुपर्छ ।

(ट) "शाखा" भन्नाले टोखा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ठ) "अपाङ्गता" भन्नाले अपाङ्गता परिचयपत्र लिएको अभिभावक वा निजको सोही अवस्थाको सन्ततिलाई जनाउँछ ।

## परिच्छेद ३

## कोषको स्थापना

**३. कोषको स्थापना:** (१) टोखा छात्रवृत्ति कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :

(क) टोखा नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) शैक्षिक संस्था वा सो संस्थामा आबद्ध विद्यार्थीबाट हुने शैक्षिक आय,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त चन्दा वा सहयोग रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ।

**(४) कोषमा रकम जम्मा गर्ने:** नगरका विद्यालयहरू मध्येबाट छात्रवृत्तिका लागि समितिबाट छनोट भएका विद्यार्थीहरूको पठनपाठनका लागि नगरपालिकाले वार्षिक रुपमा तोके बमोजिमको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्ने छ ।

**(५) कोषको उपयोगः** क) कोषको रकम यस कार्यविधिले तोकेबमोजिमका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गर्न उपयोग गरिने छ ।

ख) कुनै आ.व. मा खर्च हुन नसकेको रकम अर्को वर्षका लागि जिम्मेवारीमा थप हुने छ ।

(ग) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न पाइने छैन । तर सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छ ।

**(६) विद्यालयलाई रकम उपलब्ध गराउनेः** विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट विद्यार्थीको नाममा विद्यालयलाई रकम निकासा दिने छ ।

**(७) खाताको सञ्चालन :** उपनियम (३) बमोजिमको खाताको सञ्चालन कोष सञ्चालक समितिका सदस्य सचिव र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुने छ ।

**(८) कोषको लेखा र लेखा परिक्षण :** (क) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ । (ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने छ ।

## परिच्छेद- ४ चार

## छात्रवृत्ति कोष (सञ्चालक) समिति

**४. छात्रवृत्ति कोष (सञ्चालक) समितिको गठन:** (१) नगरपालिकामा एउटा छात्रवृत्ति कोष सञ्चालक समिति रहने छ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुने छः

(क) सामाजिक विकास समितिको संयोजक - अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको एक जना दलित वा जनजाति नगरसभा सदस्य - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये समितिद्वारा मनोनित एक जना - सदस्य

(घ) शैक्षिक संस्थाहरूमध्येबाट समितिले तोकेको प्रधानाध्यापक वा जिम्मेवार व्यक्तिमध्ये एक जना - सदस्य

(ङ) कार्यपालिकाबाट मनोनित समाजसेवी वा शिक्षाविद् कम्तीमा एक जना महिलासहित दुई जना - सदस्य

(च) प्रमुख शिक्षा अधिकृत - सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको मनोनित सदस्यहरूको पदावधि २ वर्षको हुने छ।

(४) सञ्चालक समितिको सचिवालय शिक्षा, युवा तथा खेलकुद शाखामा रहने छ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

**(६) सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छः

(क) विद्यार्थी संख्या अनुसार छात्रवृत्तिको कोटा निर्धारण, सूचना प्रकाशन र छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने ।

(ख) यस कार्यविधिअनुसार छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले पाएको छात्रवृत्ति सदुपयोग गरे नगरेको अनुगमन तथा नियमन गर्ने ।

(ग) नगरबाट प्रदान गरिएको छात्रवृत्तिमा विवाद देखिएमा निवेदन लिई सोको उचित र न्यायसंगत टुंगो लगाउने ।

(घ) छात्रवृत्ति वितरणको स्थिति विविरण नगरपालिकामा पेश गर्ने ।

(ङ) छात्रवृत्ति कोष संचालन सम्बन्धी नीति संशोधन र परिमार्जनका लागि नगरपालिका समक्ष सुझाव पेस गर्ने ।

(७) समितिको वैठक सम्बन्धी व्यवस्थाः समितिको बैठक आवश्यकताअनुसार बस्ने छ। बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्ने छ । समितिले बैठकमा आवश्यकताअनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद- ५

## विद्यार्थी छनौट

**(१) विद्यार्थी छनौट गर्ने प्रक्रियाः**

(क) शाखाले शैक्षिक सत्रभित्र सार्वजनिक सूचना प्रकाशित गरी सम्बन्धित शैक्षिक संस्थाको सिफारिस सहित विद्यार्थी वा अभिभावकबाट आवेदन लिने व्यवस्था मिलाउनु पर्ने छ । त्यसरी आवेदन लिंदा विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिससमेत पेस गर्न लगाउनुपर्ने छ ।

(ख) समितिले यसरी प्राप्त आवेदनहरू नियम ६ को उपनियम (१) र (४) छानविन गरी तोकिएको कोटा र आधार अनुसार छनोट हुनेहरूको योग्यताक्रम कायम गरी सूची प्रकाशन गर्नुपर्ने छ ।

(ग) निवेदनसाथ अनुसूची १ बमोजिमका कागजातहरू पेस गर्नुपर्ने छ ।

**(२) छात्रवृत्ति नपाउने अवस्थाः** कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैन ।

(क) जम्मा विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिरी नभएमा ।

(ख) छात्रवृत्ति प्राप्त गरेको कक्षा पूरा गर्न नसकेमा वा कुनै दुईभन्दा बढी विषयमा निर्धारित न्यूनतम आवश्यक ग्रेड प्राप्त गर्न नसकेमा ।

(ग) गलत वा झुठ्ठा विवरण भरेको प्रमाणित भएमा ।

(घ) प्रचलित कानुन र विद्यालयले तयार गरेको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा ।

**(३) प्राथमिकता :** (क) समितिले छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा बराबर अङ्क आएमा

स्थानीयतालाई प्राथमिकता दिइने छ ।

(ख) कक्षा १० भन्दा माथिको छात्रवृत्ति वितरण गर्दा बढी कक्षा वा समय सामुदायिक शैक्षिक संस्थामा अध्ययन गरेका विद्यार्थीलाई पहिलो प्राथमिकता दिनुपर्ने छ ।

## परिच्छेद-६

## छात्रवृत्तिको कोटा र वितरणका आधार सम्बन्धी व्यवस्था

**६. छात्रवृत्तिको कोटासम्बन्धी व्यवस्था:**

(१) छात्रवृत्तिको अधिकतम कोटा र रकम निम्नानुसार हुने छ :

| क्र.स. | कक्षा वा तह | अधिकतम सङ्ख्या | वार्षिक अधिकतम रकम |
|---|---|---|---|
| १. | बालविकास कक्षा वा पूर्व प्राथमिक विद्यालय | १० | ३ लाख |
| २. | आधारभूत तह (कक्षा १-८) | १५ | ७ लाख ५० हजार |
| ३. | माध्यमिक तह (कक्षा ९-१०) | ५ | ३ लाख |
| ४. | माध्यमिक तह (कक्षा ११-१२) | ४ | ३ लाख |
| ५. | स्नातक वा सो सरह | २ | २ लाख |
| ६ | स्नातकोत्तर तह वा सो भन्दा माथि | १ | १ लाख ५० हजार |

(२) यस सम्बन्धी कोटा र रकम नगरकार्यपालिकाको बैठकबाट संशोधन हुन सक्ने छ ।

(३) जुन कक्षा वा समूहलाई छुट्टाइएको हो सो अनुसार निवेदन नपरेमा वा उपनियम ४ बमोजिम आधार पुरा नभई रकम बचत हुन गएमा सो रकमबाट समितिले अर्को कक्षा वा समूहलाई प्रदान गर्न सक्ने छ ।

**(४) छनोटका आधार :** (क) छात्रवृत्ति छनोटका आधार निम्नानुसार हुने छ :

| स्थानीयता | विपन्नता | दलित | बाबु वा आमामध्ये कुनै एक वा दुवै | अपाङ्गता | छात्रा | कर्मचारी सन्तति | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अभिभाव क साथमा नभएको | | | | |
| १० | १० | १० | १० | ५ | २ | ३ | ५० |

(ख) उपनियम ४ बमोजिम प्राप्त अङ्कमध्ये सबैभन्दा बढी ल्याउने विद्यार्थीलाई पहिलो र त्यसपछि क्रमश: छात्रवृत्ति प्रदान गरिने छ ।

(ग) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि छात्रवृत्तिमा छनोट हुन न्यूनतम २० अङ्क प्राप्त गर्नुपर्ने छ ।

(घ) अङ्क प्रदान गर्ने आधारको थप व्याख्या समितिको निर्णयबाट हुने छ ।

(ङ) छात्रवृत्ति छनोट सम्बन्धमा समितिको निर्णय नगरको वेबसाइटमा प्रकाशित गरिने छ ।

(च) कर्मचारीको सन्ततिसम्बन्धी अङ्क प्रदान गर्दा टोखा नगरपालिका अन्तर्गत कार्यरत श्रेणीविहीन कर्मचारीलाई मात्र गणना गरिने छ ।

## परिच्छेद- ७
## विविध

**७. विविध:** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउने छात्रवृत्ति सोही निर्देशिकाबमोजिम हुने छ ।

**(२) पुनरावेदन दिन सकिने**ः समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सोको जानकारी पाएको मितिले सात दिनभित्र नगर शिक्षा समिति समक्ष पुनरावेदन दिन सक्ने छ । सोको लागि नगर शिक्षा समितिको निर्णय नै अन्तिम हुने छ ।

**(३) बैठक भत्ता**ः छात्रवृत्ति कोष संचालन समिति र सो अन्तर्गत बनेका उपसमितिका सदस्य, आमन्त्रित सदस्य वा सो कामकाजको लागि खटिएका कर्मचारीले समितिले तोकिए बमोजिमको बैठक भत्ता र सुविधा पाउनेछन् ।

**(४) अधिकार प्रत्यायोजन**ः समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

**(५) कार्यविधि संसोधनः** यस कार्यविधिमा नगरपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ ।

**(६) निर्देशन दिन सक्नेः** नगरकार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्ने छ ।

## अनुसुची- १

### (आवेदन साथ पेश गर्न पर्ने कागजात विवरण)

१. अघिल्लो कक्षा उर्तिण गरेको लब्धांकपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।

२. स्थानीयताको हकमा नागरिकता वा बसाइसराइको प्रमाणपत्र तथा अपाङ्गता र दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि ।

३. बाबु वा आमा मध्ये कुनै एक वा दुवै अभिभावक नभएको हकमा सम्बन्धित वडा र जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि ।

४. विपन्नताको हकमा गरिवीको परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहको व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।

५. विद्यार्थी स्थायी रुपमा बसोवास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र ।

६. कर्मचारी वा सन्तति परिवारको बालबालिकाको हकमा अभिभावकको नियुक्ति पत्र ।

मंग्सिर १८, २०७९

**आज्ञाले,**

**शंकरराज पाठक**

**प्रमुख प्रशासकीय अधिकृत**